"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति २०७८।७।२६

## पशुपालक कृषकहरुका लागि ५० प्रतिशत मूल्य अनुदानमा उन्नत प्रविधि हस्तान्तरण सम्वन्धी महालक्ष्मी नगरपालिकाको सूचना

यस महालक्ष्मी नगरपालिका, पशु सेवा शाखाको आ.ब. २०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार यस नगर क्षेत्र भित्र व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुका लागि ५० प्रतिशत मूल्य अनुदानमा उन्नत प्रबिधि हस्तान्तरण गर्ने कार्यक्रम रहेको हुंदा यस नगरपालिकाको सम्वन्धित वडामा आ-आफ्नो व्यवसाय दर्ता गरी व्यवसाय गर्ने कृषकहरुले निम्न बमोजिमको कागजात संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको पशु सेवा शाखा लामाटारमा रित पूर्बक निवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । प्राप्त निवेदन मध्यवाट छनौट हुने कृषकहरु आफैले कार्यालयले तोकेको स्पेसीफिकेशन बमोजिम देहायका सामग्री खरिद गरी यस कार्यालयका पशु प्राविधकवाट चेकजांच गराई निजको प्रतिवेदन सहित खरिद गरिएको विल भरपाई साथ निवेदन पेश गरेपछि कार्यालयवाट देहायको अधिकतम मुल्यमा नबढ्ने गरी खरिद मुल्यको ५० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

तपशिल

| क.सं | प्रविधि तथा सामग्रीको विवरण | अधिकतम मूल्य (रु) |
|---|---|---|
| १ | च्याफ कटर मेसिन | ३४,०००। |
| २ | मिल्क क्यान | ६,५५०। |
| ३ | काउ म्याट | ७०५०। |
| ४ | दुध दुहुने मेसिन (एक पटकमा २ वटा दुहुने) | १४५,०००। |
| ५ | दुध दुहुने मेसिन (एक पटकमा १ वटा दुहुने) | ९५,०००। |

निवेदनसाथ पेश गर्नु पर्ने कागजतहरु

१.फर्म /व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२.नागरीकताको प्रमाणपत्रको प्रतिलिपी ।
३.संम्बन्धित वडा कार्यालयको सिफारिस ।

पुनश्चः गत आ.व मा यस कार्यक्रम अर्न्तगत आवेदन दिएका,नगरपालिकको स्थायी वासिन्दा, एकल महिला,अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिकलाई कार्यक्रममा प्राथमिकता दिइने छ । गत आ.व मा निवेदन दिई अनुदान पाउन वाकी रहेका निवेदकहरुले समेत यस सूचना बमोजिम पुनः निवेदन पेश गर्नु पर्नेछ ।

थप जानकारीको लागि सम्पर्कः शिवलाल अधिकारी मोवाईल नं ९८४६०३८७६३

पुरुषोत्तम ताप्कोटा
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np